आज मिति २०८० साल असोज २८ गते आइतबारको दिन आमचोक गाउँपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितीमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

उपस्थिती:

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम बहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी बिष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २१ | | | |

प्रमुख प्रशासकीय अधिकृत
२०८०।६।२८

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

२०८०।६।२८
अशोक राई
अध्यक्ष

प्रस्तावहरु

१. छात्रवृत्तिको लागि विपन्न तथा जेहन्दार विद्यार्थीहरु छनौट सम्वन्धमा
२. वडा नं १ को वडा कार्यालय भवनको अन्तिम किस्ता रकम भुक्तानी सम्वन्धमा
३. हात्तिपाइले खानेपानी मुख्य लाइन तथा वितरण लाइन विस्तार आमचोक ८ को भेरियसन सम्वन्धमा
४. हात्तिपाइले खानेपानी मुख्य लाइन तथा वितरण लाइन विस्तार आमचोक ८ को चौथो रनिङ्ग विल सम्वन्धमा
५. सडक मर्मतको रकम भुक्तानी सम्वन्धमा
६. सामाजिक सुरक्षा भत्ता वितरणको लागि सवारी साधन भाडामा लिने सम्वन्धमा
७. दशै तिहारको विदाको समयमा स्वास्थ्य संस्था संचालन सम्वन्धमा
८. गाउँपालिका भवन र शाखाहरुको रंग रोगन सम्वन्धमा
९. एभोकाडो तालिमको रकम भुक्तानी सम्वन्धमा
१०. आर्थिक सहायता सम्वन्धमा
११. खेलकुद विकास समितिको प्रस्ताव स्वीकृती तथा पेश्की उपलब्ध गराउने सम्वन्धमा

निर्णयहरु

निर्णय नं.१

प्रस्ताव नं. १ माथि छलफल भई प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा तालिम परिषद (CTEVT) को आंगिक शिक्षालयको रूपमा सुम्रिमा बहुप्राविधक शिक्षालयमा शैक्षिक सत्र २०८० देखि ३ वर्षे डिप्लोमा तहको सिभिल ईन्जिनियरिङ, कृषि (बालि विज्ञान) र कृषि (पशु विज्ञान) विषयमा संचालित डिप्लोमा तथा प्रमाणपत्र तहका लागि यस गाउँपालिकाले गरिव तथा जेहन्दार विद्यार्थीहरुलाई पूरा कोर्षमा लाग्ने शूल्क छात्रवृतिको रुपमा उपलब्ध गराउनको लागि अध्यान गर्न ईच्छुक विद्यार्थीहरुलाई सिभिल इन्जिनियरिङ तर्फ - २ जना ,कृषि (बालि विज्ञान) तर्फ - २ जना र कृषि ( पशु विज्ञान) तर्फ - २ जना को लागि सूचना प्रकाशन गरिएकोमा तपशिल वमोजिम आवेदन प्राप्त भएको र सो परिक्षार्थीहरुले प्रवेश परिक्षामा समेत नाम निकाल्न सफल भएकोले आमचोक गाउपालिकाको आर्थिक वर्ष २०८०/८१ को गाउँ सभाद्वारा विनियोजित आन्तरिक राजश्वतर्फ विशेष छात्रवृत्ति कार्यक्रम शिर्षकवाट प्रथम वर्षकको शुल्क प्रति विद्यार्थी रु.२३०००। का दरले जम्मा रु.२०७०००।( अक्षरुपी दुइलाख सातहजार मात्र) तपशिल वमोजिम आवेदकहरु सवैको शुल्क भुक्तानी गरिदिने। ।

तपशिल

क) सिभिल इन्जिनियरिङ तर्फ (४ जना)
- श्री भिष्मा राई :आमचोक-२,भोजपुर।
- श्री सेन्मी राई :आमचोक-२,भोजपुर।
- श्री नेपालमान श्रेष्ठ :आमचोक-९,भोजपुर।
- श्री मुना शेर्पा :आमचोक-१,भोजपुर।

ख) कृषि (बालि विज्ञान) तर्फ(२ जना)
- श्री विशेष श्रेष्ठ :आमचोक-९,भोजपुर।
- श्री कोपिला आले मगर :आमचोक-९,भोजपुर।

ग) कृषि ( पशु विज्ञान) तर्फ (३ जना)
- श्री प्रदिप खड्का :आमचोक-२,भोजपुर।
- श्री समिता मगर :आमचोक-९,भोजपुर।
- श्री प्रमिला मगर :आमचोक-९,भोजपुर।

प्रमुख प्रशासकीय अधिकृत
२०८०।६।२८

२०८०।६।२८

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल भई मिति २०७८/१२/१७ मा ठेक्का नं:ARM/NCB/ WORKS /02/2078-79 "CONSTRUCTION OF WARD OFFICE BUILDING (MULTIYEAR) AT AAMCHOWK 1" कार्यको लागि **आमचोक गाउँपालिकाको कार्यलय र मुकुल निर्माण सेवा** को बिच दुइ पक्षिय सम्झौता भइ काम भइरहेको हुदाँ निर्माण व्यवसाय बाट अन्तिम रनिङ बिल भुक्तानि माग गरिएकोमा प्राविधिक प्रतिवेदन/हालसम्मको मुल्यांकन वमोजिम तपशिल अनुसारको भुक्तानि भुक्तानी दिने ।

- सम्झौता रकमः रु. ६२,८९,३७३।५ ( मु.अ. क बाहेक)
- यस बिल बाट आएको रकमः रु. १९,९०,५०८।१
- मु.अ.क (१३ %) : रु.२,५८,७६६।०५
- PS: रु ७२,०००।-
- जम्मा रकम मु अ क र ps सहितः रु २३,२१,२७४।१५
- कन्टिनजेनसि (३%) : रु. ६९,६३८।२२
- जम्मा खर्च रकमः रु. २३,९०,९१२।३७
- धरौटि कट्टि रकम(५%) : रु. ९९,५२५।४०
- अग्रिम आय कर (१.५%) :रु २९,८५७।६२
- अन्य कर : रु ७७,६२९।८१५
- भुक्तानि हुने रकम : रु. २१,७३,९७६।५५

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल भई मिति २०७८/०२/२० मा ठेक्का नं:ARM/WORKS/NCB/04/2077-78 "HATTIPAILE KHANEPANI AAYOJANA MAIN LINE BISTAR TATHA DISTRIBUTION LINE AAMCHOWK-08" कार्यको लागि **आमचोक गाउँपालिकाको कार्यलय र गौतम शक्ति निर्माण सेवा** को बिच दुइ पक्षिय सम्झौता भइ काम भइरहेको र उक्त निर्माण कार्यमा पाईपलाईन बिस्तारको क्रममा पाईपको संख्या अपुग हुन गई केहि निर्माण कार्य थप घट गर्नुपर्ने भएको हुदा भेरिएसन सिफारिस समितीले सिफारिस गरेको भेरिएसन आदेश सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ बमोजिम स्वीकृत गर्ने ।

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल भई मिति २०७८/०२/२० मा ठेक्का नं:ARM/WORKS/NCB/04/2077-78 "HATTIPAILE KHANEPANI AAYOJANA MAIN LINE BISTAR TATHA DISTRIBUTION LINE AAMCHOWK-08" कार्यको लागि **आमचोक गाउँपालिकाको कार्यलय र गौतम शक्ति निर्माण सेवा** को बिच दुइ पक्षिय सम्झौता भइ काम भइरहेको हुदाँ निर्माण व्यवसाय बाट चौथो रनिङ बिल भुक्तानि माग गरिएकोमा प्राविधिक प्रतिवेदन/हालसम्मको मुल्यांकन वमोजिम तपशिल अनुसारको भुक्तानि दिने ।

- सम्झौता रकमः रु. ३,४९,१२,५८६.८८ ( मु.अ. क बाहेक)
- तेस्रो रनिङ बिल बाट आएको रकमः रु. ३१,२४,१६१।२२
- मु.अ.क (१३ %) : रु.४,०६,१४०।९५९
- जम्मा रकम मु अ क सहितः रु ३५,३०,३०२।१७९
- कन्टिनजेनसि (४%) : रु. १,४१,२१२।०८७
- जम्मा खर्च रकमः रु. ३६,७१,५१४।२६६
- धरौटि कट्टि रकम(५%) : रु. १,५६,२०८।०६१
- अग्रिम आय कर (१.५%) :रु ४६,८६२।४१८३
- अन्य कर : रु १,२१,८४२।२८
- भुक्तानि हुने रकम : रु. ३२,०५,३८९।४१

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल भई अविरल वर्षातको कारण यस गाउँपालिका क्षेत्रभित्रका सडकहरुलाई तत्काल मर्मत गर्नु पर्ने भएको र गाउँपालिकाको व्याकहोलोडरले मात्र दशै अगाडीसम्ममा मर्मत कार्य नसकिने र दशैंको समयमा धेरै मानिसहरुको आवतजावत हुने भएको कारण खरीद ऐन र नियमावली वमोजिम कोटेशनमा सडकहरुको मर्मत गर्ने कार्यपालिकाको निर्णय वमोजिम प्राविधिकको मुल्याङ्कन वमोजिम मर्मत भएका सडकहरुको भुक्तानी कोटेशनमा काम गर्न सम्झौता भए वमोजिमको फर्महरुलाई भुक्तानी दिने ।

प्रमुख प्रशासकीय अधिकृत
२०८०।६।२८

२०८०।६।२८

**निर्णय नं.६**

प्रस्ताव नं. ६ माथि छलफल भई यस आर्थिक वर्षको सामाजिक सुरक्षा भत्ता दशैं अगाडी नै ४ वटा वडाहरुको वैंकमा र ६ वटा वडाहरुको वडा/वडामा गई वितरण गर्ने कार्य भइरहेको र गाउँपालिकाको ल्याण्डक्रुजर हाल विग्रीएको कारण सामाजिक सुरक्षा भत्ता वितरण गर्न वडामा जानको लागि र वडावाट वैंकसम्म आउनको लागि साथै आवश्यकता वमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सेवा ग्राहीहरुलाई ओसार पसार गर्नको लागि भाडामा ट्याक्सी रिजर्भ गर्ने ।

**निर्णय नं.७**

प्रस्ताव नं. ७ माथि छलफल भई दशै विदा मिति २०८० कार्तिक ५ देखी ९ गते सम्म ५ दिन र तिहारको विदा कार्तिक २५ देखी ३० गते सम्म ५ दिन आकस्मिक स्वास्थ्य सेवा संचालनको लागि यस पालिका अन्तर्गत ११ वटै स्वास्थ्य संस्थाहरुबाट १ जना स्वास्थ्यकर्मि परिचालन गरी आकस्मिक स्वास्थ्य सेवा गर्ने गराउने र सो वापत प्रति दिन रु १०००।०० अक्षरेपि रु एक हजार मात्र को दरले स्वास्थ्य तर्फ प्रशासनिक खर्चमा विनियोनित बिदाको दिन (दशै तिहारका काम गरे वापतको खाजा खर्च ) शिर्षक बाट भुक्तानि दिने ।

**निर्णय नं.८**

प्रस्ताव नं. ८ माथि छलफल भई गाउँपालिका भवन , शिक्षा,स्वास्थ्य,जिन्सी र कृषि तथा पशु शाखाहरुको रंग रोगन गर्नु पर्ने भएकोले प्राविधिकहरुको लागत अनुमान वमोजिम नेपाल सरकार राजश्व अनुदानको निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च शिर्षकवाट खर्च हुने गरि मर्मत गर्ने ।

**निर्णय नं.९**

प्रस्ताव नं. ९ माथि छलफल भई लंखाली कृषि परामर्श तथा तालिम केन्द्र धनकुटामा मिति २०८० असोज ४ देखि ८ गते सम्म सञ्चालित ५ दिने एभोकाडो तालिममा आमचोक गाउँपालिका वडा नं ४ वाट श्री निरवहादुर राई र आमचोक ९ वाट श्री रोशन मगर सहभागी भए वापतको मुल्य अभिवृद्धि सहितको जम्मा रकम रु.३००००। ( अक्षेरुपी तीसहजार मात्र) लंखाली कृषि परामर्श तथा तालिम केन्द्र धनकुटा-१,हिलेलाई नेपाल सरकार राजश्व अनुदान अन्तर्गत अन्य सहायता शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं.१०**

प्रस्ताव नं. १० माथि छलफल भई आमचोक गाउँपालिकामा तपशिल वमोजिम आर्थिक सहयोग उपलव्ध गराइदिन निवेदन पेश भए वमोजिम तपशिल वमोजिम आर्थिक सहयोग उपलव्ध गराउने ।

क) आमचोक ९ निवासी श्री राम वहादुर मगरको मिति २०८० भदौ ८ गतेको अविरल वर्षातको कारण घर भत्की वस्न नहुने भएको निवेदन वमोजिम क्षेति भएको प्रहरीको सर्जिमिन मुचुल्का प्राप्त भएकोले वडा कार्यालयको सिफासिष वमोजिम नेपाल सरकार राजश्व अनुदानको उद्दार राहात तथा पुनस्थापना खर्च शिर्षकवाट रु.१००००। (अक्षेरुपी दशहजार मात्र) उपलव्ध गराउने ।

ख) आमचोक ९ निवासी श्री दिल कुमारी मगरको मिति २०८० भदौ ८ गतेको अविरल वर्षातको कारण घर भत्की वस्न नहुने भएको निवेदन वमोजिम क्षेति भएको प्रहरीको सर्जिमिन मुचुल्का प्राप्त भएकोले वडा कार्यालयको सिफासिष वमोजिम नेपाल सरकार राजश्व अनुदानको उद्दार राहात तथा पुनस्थापना खर्च शिर्षकवाट रु.१००००। (अक्षेरुपी दशहजार मात्र) उपलव्ध गराउने ।

**निर्णय नं.११**

प्रस्ताव नं. ११ माथि छलफल भई आमचोक गाउपालिका स्तरीय खेलकुद विकास समितिको आर्थिक वर्ष २०८०/८१ को लागि खेलकुद कार्यक्रम संचालन गर्नको लागि रु. २५,००,०००/-( अक्षेरुपी पच्चिसलाख मात्र) को प्रस्ताव पेश भए वमोजिम आमचोक गाउँपालिकाको खेलकुद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि -२०७८ को दफा २० वमोजिम स्वीकृत गरी सोही कार्यविधिको दफा १७ को उपदफा २ वमोजिम स्वीकृत कार्यक्रम संचालन गर्नको लागि ७० प्रतिशत पेश्की रकम उपलवध गराउने ।

| सि.नं. | वडास्तरीय खेलकुद विकास समितिको नाम | प्रस्तावित रकम | वडास्तरीय खेलकुद विकास समितिले गर्ने कार्यक्रमको प्रकृति |
|---|---|---|---|
| १ | खेलकुद विकास समिति वडा नं. ६, बयाङ | ३०००००/- | वडास्तरीय पुरुष फुटवल प्रतियोगिता |
| २ | खेलकुद विकास समिति वडा नं. ९, दुम्माना | ४०००००/- | वडास्तरीय महिला तथा पुरुष भलिवल प्रतियोगिता |
| ३ | गाउँपालिका स्तरीय खेलकुद विकास समिति आमचोक | १८०००००/- | प्रदेश भरिका गाउपालिका र नगरपालिका स्तरीय छौंखा साकेन्वा खुल्ला पुरुष तथा महिला भलिवल प्रतियोगीता |
| | जम्मा | २५,००,०००/- | |

प्रमुख प्रशासकीय अधिकृत २०८०।६।२८